# ऐतिहासिक पत्रस्तम्भ

पत्र पठाउने:– श्री ५ पृथ्वीनारायण शाह
पत्र पाउने:– श्री गिन्दुन पाम्वार्लामा
विषय:– गुम्वाको विर्ता थामी दिएको लालमोहर
मिति:– विक्रम सम्वत् १८१८ फाल्गुन वदि ९ रोज ६

दुर्गा १

स्वस्ती श्री गिरिराज चक्र चूडामनि नरनारायनेत्यादि विविध विरूदावलिविराजमान मानोन्नत श्री मन्महाराजाधिराज श्री श्री श्री मत्पृथ्वीनारायण शाहदेवानां सदा समरविजयीनाम—

आगे. गिनु दुन पाम्वार्लामाके पुंजि घुंवा. वांथलि घुंवा. नागन्याघुंवा. लिस्याबुघुंबा. उंमाघुंवा. चरिकोट घुंवा ल्होभा लामाले मारव कसि पठाया छन्. सो हामीले थामी वकसिउं.घुंवा घुंवाका सिष्य साषा माथि को अंवल गिनहुन् पांवार्लामाले गर्नु घुंवा घुंवाको पुरानु षाग्रल विर्ता समेत थामी वकसी उं. इतिसम्वत् १८१८ फाल्गुन वदि ९ रोज ६ शुभम्—

—०—

पत्र पाउने:– श्री देबु राना
पत्र पठाउने:– श्र ५ पृथ्वीनारायण शाह
मुकाम-काठमाडौं
बिषय:– लमजुङमा फौज तर्ने विषयको लालमोहर
मिति:– विक्रम सम्वत् १८३१ आषाढ वदि १० रोज १

श्री दुर्गा सहायः १

स्वस्ति श्री गिरिराज चक्र चुडामणि नरनारायणेत्यादि विविध विरूदावलि बिराजमान् मानोन्नत श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराजे पृथ्वो नारायण शाह वाहादुर समसेर जङ्गदेबानाम्सदास समविजइनाम्–स्वस्ति श्री सर्वोपमा ज्योग्यत्यादी श्री देवुरानाके आसिष पूर्वकपत्रमिदं ञाहां कुशल ताहां कुशल चाहिय आगे ञाहाँको समाचार भलो छ. उप्रान्त साउन्या संक्रान्तीका भोलिवेर लम्वजुंग जान्या फौज सामेल गरि तिमीहरू तयार भई रहउ, पारिलम्जुले किकाज गर्ला-र तव तरौला कि पर्वत लञ्जुंका भला मानिस वारि तर्लान् र तव तरौला विच तर्नु छैन् तहाँ तयार भन्या भैरहउ गुप्त गरिरहउं जाहार गर्नु खैली गलीगमहा तयार भैरहउ ञाहाबाट पनि भई विरशाह पनि याबा ज्यामु षज्या वत् अहाउ नु. हर्ने देउ श्र हाइ पठायाको छ, विस्तार गर्नात् इति सम्वत् १८३१ आषाढ वदि १० रोज १ मुकाम काठमाँडौं शुभम्–

—०—

पत्र पठाउने—श्री ५ पृथ्वी नारायण शाह
मुकाम-नुवाकोट भाडी
पत्र पाउने—श्री रण रुद्र शाह
विषय—पत्र पाउने व्यक्तिलाई डाकेको विषयको लालमोहर
मिति—मार्ग वदि १० रोज ३,

श्री दुर्गा १

स्वस्तो श्री गिरिराजे त्यादि श्री मन्महाजाधिराज

श्री श्री श्री मत्पृथ्वीनारायण शाहदेवानां सदा समर विजय नाम

स्वस्ती श्री श्री रण रुद्र शाहके आषिष पूर्वक पत्र मीदं इहा कुशल ताँहा कुशल चाहिये पत्र आयो अर्थ पाञ्यौं भलो विति गरि पठाया छौं पाल्पालि काजिसित हामीत वहुतैं मिठो गरौंला परंतु पाल्पा ल्याउन्या मान्सिले केही कुरो तारी ल्यायाको रहेनछ. कुरोत गर्नु वनाउनुपो छ. तिमीकन वहुतै षोज्छन् इन्का नषोज्या पनि हामी डाकन्यै थिञ्यौं, तर इन्का षोज्या आपुबिना धाय गरेनन आउनै पऱ्यो. कास्कि सितको धन दिनु कुरो गर्नु आँट काँट समईहै गरौला एस पटकता आउनै पऱ्यो. उजांत जोहितको विहाषर्च विति गरि पठायां छौं. भलो जो होला बकूसौंला उजांत लंजुं तनहुँको फौद तल्लो बाटो लाग्यो भनि लेख्याछौं. भलो वहुतै सह्यार गर्नु भन्याको तेहि हो । मानिसलाइ राष. गर्गौंडाको संभार गराउ तव मिति आउ दाम हानिफिक्री होला. वाइकन गौंडा कुह्लन्यैहो समैक हुनान्. वलिया गराउ. त्यो फौदको पछटालाइराष गाईघाटबाट मोत नेपाल बस्यो भनि जान्नु छ. चाँडो षवर दिहाल्या गजुरी तिरपनि षबर दी पठाया तव गौडाको सह्यार होला निश्चय गाईघाट तऱ्यो भन्या षवर चाँडो पठाया एताको संभारत हामी गरौंला पाल्पासित धाट जसो गरिबनाउँला तसै होला भनि लेख्या छौं भलो. तिमि विना मैले वोल्दा तकि धावसि जालाकि टुटन जाला तस् अर्थले तिमिले चाँडो आउन्या पऱ्यो चाडो चाडो चाडो आउ–कास्की को पनि म तोजतो ठहराउनु छ चाडो आउ. उ. जगै वानिञ्याकन पनि षाँदर्षुद पारि कास्की पठाउ क्या होला भलो. उ. पश्चिमको फौद छिर्ला भनी कन ··· छिर्न दिनु छैन भनि मकवानपुर षजिता पठाग्यौं उ. नेपालको समचार उत्तीकैछ. विस्तारकालु षतृ कहला. इति मार्ग वदि १० रोज ३ मुकाम नुवाकोट माडी शुभम्—

पत्र पठाउने—श्री श्री श्री श्री श्री पृथ्वी नारायण शाह–
मुकाम–नुवाकोट
पत्र पाउने—श्री रण रुद्र शाह
विषय—कास्कीमा मान्छे पठाउने वारेको लालमोहर
मिति—कार्तिक वदि १३ रोज २

स्वस्ति श्री गिरिराज चक्र चुडामनि नर नारायेनेत्यादि विविध–विरूदावलि विराजमान मानोन्नत श्री मन्महराजाधिराज श्री श्री श्री मन्नृप पृथ्वी नारायणशाह देवानां सदा समरविजयीनाम्—

स्वस्ती श्री गिरिराजेत्यादि श्री श्रीमद्रणरुद्र साहदेवेषु सदा समरविजयीषु. इत. आसिक. पूर्वक पत्रमिदं इदाँ कुशल. ताहाँ कुशल चाहीये. येहिते पर मानंद हो इहाँको समाचार निको छ उपरान्त वेसुराना नाहार आलेमहा येकजनाकन कास्की चाडोगरि पठाउ. वहुत मिठोगरि पठाउ येकजना वसुन् म इहाँदेषि धन पठाइ दिउला र धन लिकन जानान् म पनि नुवाकोट आइपुग्या समग्रर्थको शभार तिमी भित्र छ. विशेषु कीं अधिकं मुहज वनि षतृत्रालाको सहि कार्तीक वदि १३ रोज २ मुकाम नुवाकोट शुभंम्—

—०—

पत्र पठाउने—श्री ५ पृथ्वी नारायण शाह
मुकाम–नुवाकोट राजधानी
पत्र पाउने—काभ्रे' सुन्थान, फुलवारी र नाम्राका द्वारेहरू (सयुक्त नाममा)
विषय—लडाईमा मद्दत पठाउने वारेको लालमोहर
मिति—मार्ग वदि ४ रोज ४

श्री दुर्गा १

स्वस्ति श्री गिरिराजेत्यादि श्रीमन्महाराजाधिराज श्री श्री श्री मत्पृथ्वीनारायण शाह देवानां सदा समरविजयिनाम

स्वस्ति श्री राज भारा सामर्थ श्री काभ्रा संथान फूलवारि नाम्चु ढाका हुवा न्याउ मरा वहुयाके आसिषु पूर्वक पत्रमिद इहा कुशल ताहाँ कुशल चाहिए. पत्रआयो अर्थ मालम् भयो आगे इहाँको समाचार भलो छ. उप्रान्त ताहाँ ठाना मह्या बैरि आयादेखि हान्या गरैन च्यातन्यै गरला तस्कारण ठाना

ठानामाहा वगरका हान्या ढुंगा······घोतलि काँउप निघाल ठानामहाँ काढा पनि घात सामगृहि वलियोगरी राष्याको. भवा च्मातन आउँदा घर्का......ला जस् पाउला घेन्धा देषिता ताहाँबाट चाडो समाचार ल्याया हुई दिन महाँ इहाँ आइपुगला फेरि तिन दिन महा ईहाँबाट गुहार आई······गौला हानौला परतु वारू गोलि पनि पठाउँछौ आउँछ विशेषुकि·····धिकम् मार्ग वदि ४ रोज ४ मुकाम नुवाकोट राजधानि शुभंम्—

—०—

पत्र पाउने—श्री देबु राना
पत्र पठाउने—श्री ५ पृथ्वीनारायण शाह–
मुकाम—कान्तिपुर
विषय—पश्चिम तर्फको काम राणाले गर्ने र भादगाउँमा कब्जा गर्ने वारे तर्जुमा वारेको लाल मोहर
मिति—आश्वीन सुदी ३ रोज ६

श्री दुर्गा १

स्वस्ति श्री गिरिराज चक्र चुडामणि नर नारायणे त्यादि विविध विरूदावलि विराजमानोन्नत श्री मन्महाराजाधिराज श्री श्री श्री मत्पृथ्वीनारायण साह-देवानां सदा समर विजयिनाम—

स्वस्ति श्री राजभारा सामर्थ श्री देवुरानाकै आशिष. इहा कुशल ताहा कुशल चाहिए. पत्र आयो अर्थ मालम भयो. इहाँको समाचार भलो छ. उप्रान्त पश्चिमतिरकोसे समाचार विति गरि पठाईन्छ. सविस्तार सुन्यौ. वाकी. इहाँको समाचार. काठमाडौं पाटन फत्य भयाको समाचार अस्ति विस्तार लेखिपठाया थ्यौं विस्तार बुनि होस् अब भादगाउँको वालि पनि लुटनु भादगाउँ लाई पनि सकसलाउनु चाजोगरी डुवुकोबाट ठाना र सागाका फेदि महाँ ठाना र पन्था. पन्थाका ठाना दह्याइकन अघि ठाना सोर्म्या गर्दछौं सांगावाट पनि लुभु पाटन काठमाडौं देउपाटन गोकन चांगु सवत्रबाट प्रजा सिपाहि लगाई वाली लुटाउँछौं ठाना हालि भादगाउँकन पनि सकस लाउंछौं. वाकि पश्चिम तिरको सै समाचार. निस्तुकवुर्जेदै विति गरि पठाउँछौ. ताहाका गढ गौडाको पनि. वहुतै संभार गर्नु: किमधिकम्. आश्विन सुदी ३ रोज ६–मुकाम–कान्तिपुर शुभंम्—

—०—

पत्र पठाउने—श्री ५ पृथ्वी नारायण शाह
मुकाम—नुवाकोट
पत्र पाउने—परशुराम थापा
विषय—मिलन आउनु भनि लेखिएको लालमोहर
मिति—आषाढ सुदी १२ रोज १

श्री दुर्गा १

स्वस्ती श्री गिरिराज चक्र चुडामणि नर नारायणेत्यादि विविध विरूधावली विराजमानमानोन्नत श्रीमन्ममहाराजधिराज श्री श्री श्री मत्पृथ्वीनारायण शाह देवानां सदा समरविजयीनाम्

स्वस्ति श्री पस्राम थापाके आशीष पूवक पत्रमिदं ऋाँहा कुशल ताँहा कुशल चाहि. आगे ऋाहाको समाचार भला छ. उप्रांन्त जस् ढुंगाको षइंछ. वसिछ. उस ढुंगाको थामना उकासनानिमि य भरि सवय गरिछ. त्यो ढुंगो थामना उकासनानिमित्य हामीसित छलकल गन्यौत पनि त्यो विराउ माफै छ. सहे हनमाव. उप्रान्त तिमि हाम्रं पछि वांहो हौत पनि तिम्रा बाबाकन. काठमाडौले वटायाको हो। जसले बढाउँछ. जसको नून षाईन्छ. जसका निमित्त भरि सवय गरिन्छ. नेपालका निमित्त भरिसवय गन्यौत. त्यो केही विराएनौ. यो दोचिन् मान्याको हामिले मान्याको छैन. उप्रान्त नालदुम देषि वढो कांक्षा चौतरियाकन. पाटनमाहा थाप्या देषि बुढोको विराउँ माफ गरि पाउँ भनि वारम्वार कागत लेषि पढान्यौं थ्यौं एस् कुराको हामिले कोह भान्याको छैन. विराउँ. देष्याको पनि छैन. याहा भन्या देषि. हिजो तिखा दाज्यूकन जषडाकासेल मार्दा. तिमि भादगाउँ पश्यौ. भादगाउँबाट. तिमि हामि भैकन नालदम लिन्यौ. तिम्रोबपर जय प्रकास सित यो हो र काठमाडौंका ढुंगासित होइन. जसहिन जय प्रकास परसारला तर्सछिन. तिमि काठमाडौं आउला भनि हामिले बुझैको थियो. जयप्रकास पर सर्दा काठ–

मारडौं थामना निमित्य मरिसक्य गर्न्या. तिम्रो धर्मै हो. यो पनि केहि बिरीयाको होईन. एस कुराको हामिले केहि मान्याको छैन. उप्रान्त पाटन महां भाईकन थाप्यौत पनि. त्यो हामिले केहि मान्याको छैन. क्याही भन्या. हाम्रो नून षाईकन प त्यो काम गर्दा हौत. कुल्याहा कहांदाहौ. तिमिलेत. हाम्रो पानि पनि पियाको छैन. ताहां बसि हाम्रा भाईहरूकन फार्पार गरि. हाम्रो घर फोर्न्या योग्यै हो. त्यो पनि केहि बिरायाको होईन. मेरो भाई भैकन. भाईले प त्यो काम गर्न्या होईन. तिमिलेत त्यो काम गर्न्यै हो. मदेषि तिमि तर्सन्छौ तर्सन्या होईन नतर्स. जस् दिन मेरो नून षाईकन. मेरो दर्शन गरिकन त्यो काम गर्न्याका दिन प तर्सन्याहो. आजत तर्स या दिन पर्न्याको छैन, तिमिलेत आज हांम्रो केही छैन, उप्रान्त थोटा कुरो मात्र घटिया गर्छौं. नआउन्या भया. कागत नलेषनु. निश्चय आउन ठहराया. देषि तब कागत लेषनु. भला मानिसले ढांटनु त केहि वडै. काम हुन्या भया ढाटनु थोरा काम महा छांट्यात मानिस ब्यथिति को बोलाउँछ. हलुको पर्छ. यो सभै तिमि जांदैं छौ उप्रान्त अ ज तिम्रो ताहा बस्न्या दिन पर्न्याको छैन. आउनुपर्छ भन्छौत. चांडो आउ तिम्रो बन्यैछ. नाहि नेपाल मर्दात. सति जानु छ भन्याका गतागत केहि नलेष. मर्नु भन्याको बडो गह्रो छ. भोलि तिमिलाई षामषा आउने परला गलिकन आउंदाचाहिं. अ ज हामिले बोलाउंदा आयाको वहुत बडोया हो हरि षडकाकन एहि समय चाही जागीर सय ५ नगद सय ५ धान. हात्ति शिरोपाउ दिय्यौं. षंडकाले पनि माघको दिन ८ जांदो एक दिन. माघेका दिन १४ जांदो एक दिन. ईडुई दिनमहां एकदिन गरिकन आउँछौ. भन्यो. पछि जयप्रकासले फूसफास पार्दा. हामिकन ढांट्यो. पछि निदानमहा. वंधुवा भेकन. मुडिषु लिकन आउनु पर्न्यो. तिमिलाई पनि तस्तैं परला हुदात. एस्तो गरि आउन्या षंडकाकन काटन्या हो. भलो मानिस भनिकन पाल्न्याको छ. तिमि पनि वंधुवा भै आया पनि प्रतिपाल गरौंला पाल्याको भया काजै लागौला नासनन् भनि जति डराउ हामि नासैनौं पालौंला उप्रान्त. आज आउंछौत. पजनित भैं गयो. षानाकन धान्. षर्च. हात्ति शिरोपाउ बकसौंला. आपना बांधा षत्तामहां आई बस समयमहां जागीर बक्सौंला आउनुपर्छ भन्या. नेपालको हाम्रो कटक नहुदै आईजाउ कटक भया पछित आउनु असजिलो पर्छ कटक नगर्दै आयात. नेपाल हामिले मार्दा. केहि सेवन गरौला र तिम्रो केहि बनला तिम्रो विंति पाठकले विस्तार विंति गर्न्या सुन्यौं अरू सहि पनि पाठक को छ. लो प्रमाण मान. किमधिकं आषाढ शुदि १२ रोज १ मुकाम नुवाकोट शुभंम्—

—०—

पत्र लेख्ने—श्री छोग्रांपो, जोर ढेवा, नुबु ढेवा, फुंजो राप्तेन, छिंटुंजो र वांज्यूहरू—ठाउँ—कुती

पत्र पाउने—श्री ५ पृथ्वीनारायणशाह

विषय—सुनको भाउ बारे

मिति—वि०सं० १८१२ पोषसुदी १४ रोज ६

श्रीदुर्गा १

श्री दुर्गा १

श्री कामिनी, श्री भैरवी, श्री लामाज्यू. श्री सिभुछत्र, श्रीबौध.

श्रीबौध, श्रीसिभुछेत्र

स्वस्ति श्री श्री श्रीमन्महाराजाधिराज श्री श्री श्री मन्नृप पृथ्वीनारायणशाहदेवलाई—श्री छोग्रांपांजोर ढेवा. श्री नुबु ढेवा. श्री फुंजो राप्तेन. श्री छिंटुंडो. श्री वांज्यु एति हामिले आज मपर्यंतको धर्म लेषि चह्राञ्यौं. सुनाको भाउ. पोर रिजींछिवो लामाले ज्या भाउ गर्न्याको हो सोहिं भाउको सहि. तेस् भाउदेषि घटि वढि गर्नु छैन. अव उप्रांत सुनाको भाउमहां घटि बढि नगर्नु तिमिले पठायाका रूपैयाको सुना पनि. आज पुग्या भोलि दिनु अथवा चार दिन भित्र पुर्याई दिनु सुनाको भाव घटाया. रूपैञा अट्काया··को हामिकन कुहछि. सुनाको भावमहां अघि लामाले गर्न्याका सहिमहां रह्या. रूपैञा नअट्काया सुदछि. फेरि सुनाको भावमहा घटि बढि गर्न्या.....को मठभत्काया··को मठ भत्कायाको पाप लागोस् कुतिभित्रका सुनाको यो करार हो. कुति वाहिडाको सुना चांडो षोजि दिनु इति संवत् १८१२ पौष सुदि १४ रोज ६ शुभम्———

पत्र पठाउने—राजा श्री जयप्रकाश
पत्र पाउने—श्री ५ पृथ्वीनारायणशाह
विषय—भोटमा गोर्षा र काठमाण्डौको वकिल राख्ने बारेको धर्म
मिति—वि०सं० १८१४ पौष वदी ६ रोज ३

स्वस्ति श्रीमन्महाराजाधिराज श्री श्रीमज्जय प्रकाशमल्लदेवले स्वस्ति श्रीमन्महाराजाधिराज श्री श्रीमन्नृप पृथ्वीनारायणसाहदेवकन धर्म्मपत्र लिखिदिन्या. काठमाडौको गोर्षाको टकसार चलाउनु रूपैयामाहा कपट नधारनु दुबै टकसारमाहा एकै चास्नि ··· गोर्षाका रूपैया काठमाँडौंले चल उनु काठमाडौ ······गोर्षाले चलाउनु भोट रूपैया जिनिस पठाउ······ बरावर पठाउनु भोटमाहा गोर्षा काठमाडौको उकील बसाउनु दुबै उकीलले ठेचि मारि माल चलाउनु दुबैका मत वाहिक ल्यायाको लैगयाको माल षोशनु काठमाण्डौले षोस्या. आढा गोर्षाकन दिनु गोर्षाले षोस्या आढा काठमाडौ कन दिनु काठमाडौंका रूपैया ताहां गोर्षाले···सास्ति गर्नु. दण्ड गर्नु गोर्षाको रूपैया इहा काठ····· नचलाया सास्ति गर्नु दण्डगर्नु पाटन बाटो आयाका···जन लुटि नषानु काठमाडौमाहा गोर्षाको उकील वशाउनु गोर्षामाहा काठमाडौको उकील वशाउनु. उकील ··· मतले भारि फोर्नु माल हेर्नु. भोटवेपार गर्दा नवाकोटको बाटो गर्नु गोर्षाको माल जाहिर गरी ल्यायाको काठमाडौले नषोसनु. लुकाइ ल्यायाका षोशनु. काठमाडौको माल जाहिर गरि ल्यायाको गोर्षाले नषोशनु लुकाई ल्यायाका षोशनु भोट बाटो आयाका सुना रूपा बरोबरि लिनु मधेश बाटो आयाका सिक्का बरोवरि लिनु. पाटन गोर्षाले षानु नालदुम् काठमाडौलाई दिकन काठमाडौको काम गर्नु पाटन गोर्षाका हाथ नहराका दिन काठमाडौले थामनु पशनु काठमाँडौको हाथ आयाका दिन. गोर्षाकन सोंपि दिनु. अघि गोर्षाको पठिका······काठमाडौको ऐसकरार-माहा ······· धर्म्मको वृद्धि होस् करार नराष्या पंचमहा-पातक लाग······संवत् १८१४ रो ३ मिति पौष बदि ६ लिखितमिति शुभं ——

पत्र पठाउने—श्री ५ पृथ्वीनारायणशाह
पत्र पाउने—दोलखाका प्रधानहरू
विषय—मिल्न आउ भन्ने लालमोहरको नकल
मिति—भाद्र बदि ४ रोज ४

श्री ५ बडा महाराजाका लालमोहरको नकल

श्री

श्री गोरषनाथ

स्वस्ति श्री गिरिराज चक्र चूडामणि नर नारायणेत्यादि विविध विरुदावलि विराजमान मानोन्नत श्री श्री श्रीमन्महाराजाधिराज श्री श्री श्रीमन्नृप पृथ्वि नारायणशाहदेवानाम् सदा समरविजइनाम———

स्वस्ति श्री सर्वोपमाजोग्य राजभारा सामर्थ इत श्री दोलष्या देसवार प्रधानकेषु आशीष. पूर्वक पत्रमिदं. इहाँ कुसल ताहा कुसल चाहिये जेहिते परमानन्द होई. आगे इहाको समाचार निको छ. उप्रान्त तिमि प्रजापात हौ. नालदुम् पूर्व मेरो अम्बल भयो. तुमि मेरा हजुरमा आव तिम्रो धन जोयको म रछ्या गरूँला. पिछादि अर्को तरह गरूँत———को कुदृष्टि धर्म दिकन तुमि न-आयादेषि. तिम्रो. जहाजात गरूँला. उप्रांत पाल्हुग् तिष्टुङ्ग. चितलाग् हामि थ्यौं सोझोभै मिल्या र. उनको रछ्या हामिले गरैको छ. किमधिकं विज्ञषु. भाद्र बदि ४ रोज ४ मुकाम नुवाकोट शुभम्——————————